# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय
## परीक्षा नियन्त्रण महाशाखा

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५९०७९२७ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org

Faculty of Management
Office of the Dean
Kirtipur

मितिः- २०८० । १० । २६

## स्नातक तह तेश्रो, चौथो तथा छैटौंसत्रको नियमित परीक्षा-२०२४ को परीक्षा फाराम भर्ने सूचना

त्रि. वि. व्यवस्थापन संकाय अन्तर्गत संचालित स्नातक तहका Bachelor of Business Administration (BBA), Bachelor of Information Management (BIM), Bachelor of Business Management (BBM), Bachelor of Public Administration (BPA), Bachelor of Mountaineering Studies (BMS), Bachelor of Hotel Management (BHM), Bachelor of Business Administration - Finance (BBA-F) र Bachelor of Travel and Tourism Management (BTTM) कार्यक्रमका तेश्रो, चौथो तथा छैटौंसत्रको नियमित परीक्षा आगामी **२०८० चैत्र महिनाको दोश्रो सातादेखि** सञ्चालन हुने भएकोले सो परीक्षाको परीक्षा फाराम भर्नेबारे सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित कार्यक्रम र सत्रको सिमेष्टर परीक्षामा सम्मिलित हुन चाहने परीक्षार्थीहरुले परीक्षा फाराम भरि सम्बन्धित क्याम्पस / कलेजमा मिति २०८० । ११ । १५ गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०८० । ११ । १८ गते भित्र यस डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा अनिवार्यरुपमा तपशिलमा उल्लेखित आवश्यक शुल्क सहित बुझाई सक्नुपर्नेछ ।

तपशिल

उल्लेखित कार्यक्रमको **त्रि. वि. सेवाशूल्क बाहेकको** परीक्षा फाराम शुल्क मात्र

**नियमित परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु २५००।-

**आंशिक परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति विषय : रु ५००।-

**परीक्षा केन्द्र शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु ४५०।-

**परीक्षा फाराम शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु ५०।-

**विलम्ब शूल्क** : मिति २०८० । ११ । १६ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको विस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

Assistant Dean

क्रमशः

# त्रिभुवन विश्वविद्यालय

व्यवस्थापन संकाय

## परीक्षा नियन्त्रण महाशाखा

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५९०७९२७ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org


Faculty of Management
Office of the Dean
Kirtipur

मितिः- २०८० । १० । २६

**नोटः** (क) नियमित परीक्षाहरुको हकमा अघिल्लोसत्रको प्रवेश पत्र / Result Ledger को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा सोहिसत्रको नियमित र पुनः परीक्षाको Grade Sheet / Ledger को प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।

(ख) परीक्षा फाराम, परीक्षा क्रमाङ्क (Roll Number) सानो देखि ठूलो क्रममा मिलाई सेमेष्टर अनुसारको छुट्टछुट्टै फाईलमा आवश्यक कागजात सहित मिलाएर बुझाउनु पर्नेछ ।

(ग) परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।

(घ) परीक्षा रोल नं. र त्रि. वि. दर्ता नं. सहितको परीक्षार्थीहरुको आन्तरिक मुल्याङ्कनको List परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्म (नियमित र आंशिक दुवै) मा समेत उल्लेख गर्नु पर्नेछ । **आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्विकृत गरीने छैन ।**

(ङ) परीक्षामा सामेल हुने परीक्षार्थीको परीक्षा रोल नं., त्रि. वि. दर्ता नं. र विषय सहितको विवरण mgmtdean.exam@gmail.com मा अनिवार्यरुपमा पठाउनुपर्नेछ ।

(च) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९०६६००००१ मा जम्मा गरी **कार्यक्रम र सत्र अनुसारको छुट्टाछुट्टै सक्कल भैचर** परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।

डा. श्रीकृष्ण खरेल
सहायक डीन